कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम काम कारोवार गर्न इजाजतपत्रप्राप्त

# नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

## Naya Nepal Laghubitta Bittiya Sanstha Limited


नेपाल राष्ट्र बैंकबाट 'घ' बर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

धुलिखेल न.पा. -३, काभ्रेपलाञ्चोक, फोन नं. : ०११-४९०६७१,

इमेल: nemfin@ntc.net.np, वेवसाइटः www.nemfin.com.np


**को**

# हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु

चुक्ता पूँजी रु. २,४०,००,०००/- को १ : २.५ को अनुपातमा (अर्थात् विद्यमान १ कित्ता शेयर बराबर नयाँ २.५ कित्ता शेयरको दरले) शेयरधनीहरुलाई रु. ६,००,००,०००/- शेयर पूँजी बराबर प्रति शेयर रु. १००/- अंकित दरका कुल ६,००,००० कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गर्नका लागि प्रकाशित

दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको

### निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं।

धितोपत्र लगानीमा हुनसक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्ने छ। यस नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु बारे यस विवरणको दफा थ मा उल्लेख गरिएको छ।

यस लघुवित्त वित्तीय संस्थाद्वारा जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई ईक्रा नेपाल लिमिटेडले कमजोर आधारहरु (Poor Fundamentals) जनाउने "ICRANP IPO GRADE 5 "मिति २०७५/०३/०४ मा प्रदान गरेको छ। [ICRANP] IPO GRADE 5 ले कमजोर आधारहरु (Poor Fundamentals) जनाउदँछ। ग्रेड २,३,४ मा प्रयोग गरिने + (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउदँछ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७५/०३/२७

हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७५/०४/२७

हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७५/०५/३१ (बैंकिङ्ग समय पश्चात)

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NMB CAPITAL LIMITED

**एनएमबि क्यापिटल लिमिटेड**


नागपोखरी, काठमाडौं

फोन: ९७७-१-४४३७९६३, फ्याक्स: ९७७-१-४४३७९६० पोष्ट बक्स नं ११५४३

इमेल: info@nmbcl.com.np वेवसाइट:www.nmbcl.com.np

**क.** **संगठित संस्थाको नाम** : नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड (Naya Nepal Laghubitta Bittiya Sanstha Limited)

**ख.** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वाग्मती अञ्चल, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल नगरपालिका वडा नं. ३ मा रहेको छ।

**ग.** **कारोवार स्थान:** यस लघुवित्त वित्तीय संस्थाको कारोवार गर्ने स्थान लघुवित्त वित्तीय संस्थाको रजिर्ष्टर्ड कार्यालयको अलावा नेपाल राज्यको १० जिल्ला काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी, मोरङ्ग र झापामा रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उप शाखा वा अन्य सम्पर्क कार्यालय खोली कारोवार गर्न सक्नेछ। यस लघुवित्त वित्तीय संस्थाले हाल निम्न स्थानहरुबाट आफ्नो कारोवार सञ्चालन गर्नुका साथै ग्राहकहरुलाई वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ।

| क्र. सं. | शाखा कार्यालयको नाम | कार्यालय रहेको स्थान |
|---|---|---|
| १. | केन्द्रिय कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक | धुलिखेल, काभ्रेपलाञ्चोक |
| २. | शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोक | बनेपा, काभ्रेपलाञ्चोक |
| ३. | शाखा कार्यालय भकुण्डे, काभ्रेपलाञ्चोक | भकुण्डे, काभ्रेपलाञ्चोक |
| ४. | शाखा कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक | पाँचखाल, काभ्रेपलाञ्चोक |
| ५. | शाखा कार्यालय सिन्धुलीमाढी, सिन्धुली | सिन्धुलीमाढी, सिन्धुली |
| ६. | शाखा कार्यालय बर्दिबास, महोत्तरी | बर्दिबास, महोत्तरी |
| ७. | शाखा कार्यालय मन्थली, रामेछाप | मन्थली, रामेछाप |
| ८. | शाखा कार्यालय महादेवस्थान, सिन्धुली | महादेवस्थान, सिन्धुली |
| ९. | शाखा कार्यालय रामनगर, महोत्तरी | रामनगर, महोत्तरी |
| १०. | शाखा कार्यालय विरेन्द्रबजार, धनुषा | विरेन्द्रबजार, धनुषा |
| ११. | शाखा कार्यालय धनगढी जिरोमाईल, सिराहा | धनगढी-जिरोमाईल, सिराहा |
| १२. | शाखा कार्यालय यदुकुवा, धनुषा | यदुकुवा, धनुषा |
| १३. | शाखा कार्यालय रुपनगर, सप्तरी | रुपनगर, सप्तरी |
| १४. | शाखा कार्यालय कालाबन्जार, सुनसरी | कालाबन्जार, सुनसरी |
| १५. | शाखा कार्यालय मधुमल्ला, मोरङ्ग | मधुमल्ला, मोरङ्ग |
| १६. | शाखा कार्यालय आमबारी, मोरङ्ग | आमबारी, मोरङ्ग |
| १७. | शाखा कार्यालय गौरीगञ्ज, झापा | गौरीगञ्ज, झापा |

**घ.** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**घ.१** **संगठित संस्थाको संक्षिप्त परिचय :**

यस लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५/०५/२६ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०६५/११/११ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त "घ" श्रेणीको वित्तीय संस्था हो र यस लघुवित्त वित्तीय संस्थाले २०६५/१२/०७ गतेदेखि लघुवित्त सम्बन्धी कारोवार शुरू गर्दै आएको छ। यस लघुवित्त वित्तीय संस्थाका संस्थापक तथा संचालकहरुमा देशका विभिन्न क्षेत्रहरु जस्तै: बैंक तथा वित्तीय संस्था, उद्योग, व्यापार, तथा अन्य विभिन्न क्षेत्रमा लामो समयदेखि संलग्न सिर्जनशील व्यक्तित्वहरु रहेका छन्।

**घ.२ संगठित संस्थाको उद्देश्य :**

लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही लघु वित्तीय कारोवार गर्ने यस लघुवित्त वित्तीय संस्थाका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) नेपालको ग्रामीण क्षेत्रमा रहेका निम्न आय भएका व्यक्ति, वर्ग वा समुदायहरुलाई सेवा उपलब्ध गराउने।

(ख) सिमान्त तथा न्यून आय भएका व्यक्ति वा समुदायको जीवनस्तर माथि उठाउन आवश्यक उद्योगधन्दा वा व्यवसाय गर्नकालागि तोकिए बमोजिमको उद्देश्यमा कर्जा प्रवाह गर्ने।

(ग) लघु व्यवसाय एवं ग्रामीण वित्त बजारको विकास, विस्तार, प्रवर्द्धन र सुदृढिकरण गर्ने तथा वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने र आवश्यक तालिम उपलब्ध गराउन सहयोग पुऱ्याउने।

(घ) निम्नस्तरका गरिब जनताहरुको विकास गर्न आवश्यक जो चाहिने सहयोग गर्ने।

(ङ) ग्रामीण जनताको आम्दानी एवं रोजगारीका अवसरमा अभिवृद्धि गरी गरिबी निवारण सम्बन्धी कार्यमा सघाउ पुऱ्याउने।

(च) मुलुकमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी लगानी तथा स्वस्थ प्रतिष्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

**ङ. शेयर पूँजीको संरचना :**

**(क)अधिकृत पूँजी :** यस लघुवित्त वित्तीय संस्थाको अधिकृत शेयर पूँजी रु. २०,००,००,०००/- (अक्षेरपी बीस करोड रुपैयाँ) लाई प्रति शेयर रु. १००/- (अक्षेरपी एक सय रुपैयाँ) अङ्कित मूल्यका २०,००,००० (बीस लाख) कित्ता शेयरहरुमा विभाजन गरिएको छ।

**(ख) जारी पूँजी :** यस लघुवित्त वित्तीय संस्थाको जारी शेयर पूँजी रु. ८,४०,००,०००/- (अक्षेरपी आठ करोड चालिस लाख रुपैयाँ) हुनेछ। सो पूँजीलाई रु. १००/- का दरको ८,४०,००० (आठ लाख चालिस हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ।

**(ग) चुक्ता पूँजी :** यस लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी (बोनस शेयर जारी पश्चात) रु. २,४०,००,०००/- (अक्षेरपी दुई करोड चालिस लाख रुपैयाँ) रहेको छ। यस हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु. ८,४०,००,०००/- ( अक्षेरपी आठ करोड चालिस लाख रुपैयाँ) हुनेछ।

**च. हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिति :**

**क.शेयरको हकप्रद निष्काशन गर्नुपूर्व संगठित संस्थाको चुक्ता पूँजीको स्थिति**

| समूह | शेयरधनीहरु | शेयर संख्या | पूँजीसंरचना | चुक्ता रकम(रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १,२२,४०० | ५१% | १,२२,४०,०००.०० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | १,१७,६०० | ४९% | १,१७,६०,०००.०० | शतप्रतिशत |
| | **जम्मा** | **२,४०,०००** | **१००%** | **२,४०,००,०००.००** | **शतप्रतिशत** |

**ख.शेयरको हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको स्थिति**

| समूह | शेयरधनीहरु | शेयर संख्या | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४,२८,४०० | ५१% | ४,२८,४०,०००.०० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत) | ४,११,६०० | ४९% | ४,११,६०,०००.०० | शतप्रतिशत |
| | | **८,४०,०००** | **१००%** | **८,४०,००,०००.००** | **शतप्रतिशत** |

**छ. हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा र उनीहरुले लिएको शेयर संख्या र संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

लघुवित्त वित्तीय संस्थाको हालका शेयरधनीहरु र उनीहरुले लिएको शेयर संख्या निम्न बमोजिम छ।

| क्र.सं. | संस्थापक शेयरधनीको नाम | ठेगाना | समूह | शेयर संख्या | चुक्ता रकम |
|---|---|---|---|---|---|
| १ | अहिल्या अधिकारी | मोराहाङ-५, तेह्रथुम | क | १७४७.२० | १७४,७२० |
| २ | अम्बिका भट्ट ढुङ्गाना | का.म.न.पा. ७, काठमाण्डौं | क | १७४७.२० | १७४,७२० |
| ३ | अमुल्य प्रसाद उपाध्याय | भलुवाही, सिरहा | क | ८७४.८० | ८७,४८० |
| ४ | आनन्द गर्तौला | दमक - ११, झापा | क | ४३७१.६० | ४३७,१६० |
| ५ | अनुजा पोखरेल | जनकपूर-१, धनुषा | क | ८७४.८० | ८७,४८० |
| ६ | बालिका गुरागाईं अधिकारी | ललितपुर म.न.पा २, ललितपुर | क | ८७४.८० | ८७,४८० |
| ७ | बसन्त लाल श्रेष्ठ | ललितपुर म.न.पा ३, ललितपुर | क | ४३७१.६० | ४३७,१६० |
| ८ | भक्त बहादुर कार्की | वरुणेश्वर-५, ओखलढुङ्गा | क | ८७४.८० | ८७,४८० |
| ९ | भरत कुमार शाक्य | कालिका-४, वाग्लुङ्ग | क | ८७४.८० | ८७,४८० |
| १० | भुवनेश्वरी शाक्य | का.म.पा -३३, काठमाण्डौं | क | ४३७१.६० | ४३७,१६० |
| ११ | विजय स्वाँर | कलैया भवानीपुर, जिल्ला | क | ४३७१.६० | ४३७,१६० |
| १२ | बिमला पौडेल काफ्ले | चैनपुर - ८, संखुवासभा | क | २६२२.०० | २६२,२०० |
| १३ | बिना पोखरेल | का.म.पा. ३४, काठमाण्डौं | क | ४३७१.६० | ४३७,१६० |
| १४ | बिनोद प्रसाद शाह | नगराईन - ३, धनुषा | क | ८७४.८० | ८७,४८० |
| १५ | विश्वहरी जोशी | पोखरा म.न.पा.- २, कास्की | क | १७४७.२० | १७४,७२० |
| १६ | दामोदर भट्ट | दशरथचन्द्र -४, बैतडी | क | १३१०.४० | १३१,०४० |
| १७ | धन कुमारी खतिवडा | रवि, इलाम | क | ४३७१.६० | ४३७,१६० |
| १८ | दिल बस्नेत | नेपालेडाडा -७, भोजपुर | क | २१८५.२० | २१८,५२० |
| १९ | गिता मैयाँ मिश्र | का.म.न.पा. -२५, काठमाण्डौं | क | ४३७१.६० | ४३७,१६० |
| २० | गेहनाथ पौडेल | फुङलीङ्ग -८, ताप्लेजुङ्ग | क | ८७४.८० | ८७,४८० |
| २१ | घनश्याम अवस्थी | गाँजरी - ९, बैतडी | क | ८७४.८० | ८७,४८० |
| २२ | गोपाल प्रसाद बराल | जनकपुर - ११, धनुषा | क | २६२२.०० | २६२,२०० |
| २३ | होम बहादुर सिलवाल के. सी. | ललितपुर.म.न.पा २, ललितपुर | क | ८७४.८० | ८७,४८० |
| २४ | जगदिश्वर राज जोशी | ललितपुर.म.न.पा १३, ललितपुर | क | ३४९६.८० | ३४९,६८० |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | जिना खत्री | केरौन-३, मोरङ्ग | क | ८७४.८० | ८७,४८० |
| २६ | ज्योतिपाल बैदार | बनेपा- १, काभ्रे | क | ४३७१.६० | ४३७,१६० |
| २७ | कृष्ण कुमार प्रधान | यासोक-३, पाँचथर | क | ४३७१.६० | ४३७,१६० |
| २८ | कृष्ण नकर्मी | का.म.न.पा- १०, काठमाण्डौं | क | ८७४.८० | ८७,४८० |
| २९ | कुमार श्रेष्ठ | कमलामाई-४, सिन्धुली | क | ८७४.८० | ८७,४८० |
| ३० | मेनुका नेपाल | नामसालीङ्ग- ७, इलाम | क | ८७४.८० | ८७,४८० |
| ३१ | मुरारी बुढाथोकी | ललितपुर.म.न.पा १, ललितपुर | क | ४३७१.६० | ४३७,१६० |
| ३२ | मुरारी प्रसाद भट्टराई | भरतपुर- ४, महोत्तरी | क | ८७४.८० | ८७,४८० |
| ३३ | नारायण भट्टराई | का.म.न.पा.-१०, काठमाण्डौं | क | ८७४.८० | ८७,४८० |
| ३४ | पद्मलक्ष्मी शर्मा सेडाई | का.म.न.पा.-३३, काठमाण्डौं | क | २६२२.०० | २६२,२०० |
| ३५ | पोषण राज लामिछाने | तुल्सीपुर- ६, दाङ | क | ८७४.८० | ८७,४८० |
| ३६ | पोवनाथ घिमिरे | हर्मि- ६, गोरखा | क | १७४७.२० | १७४,७२० |
| ३७ | प्रभा श्रेष्ठ (राजभण्डारी | का.म.न.पा.-१०, काठमाण्डौं | क | ४३७१.६० | ४३७,१६० |
| ३८ | प्रकाश जंग मल्ल ठकुरी | दरवाङ, म्यादी | क | ८७४.८० | ८७,४८० |
| ३९ | प्रसिद्ध कुमार सिंह सुवाल | का.म.न.पा.-१७, काठमाण्डौं | क | ८७४.८० | ८७,४८० |
| ४० | प्रेम बहादुर श्रेष्ठ | कुशेश्वर-५, सिन्धुली | क | ८७४.८० | ८७,४८० |
| ४१ | पुरुषोत्तम श्रेष्ठ | भिमफेदी- ८, मकवानपुर | क | ४३७१.६० | ४३७,१६० |
| ४२ | राधा कुमारी श्रेष्ठ | रामेछाप-४, रामेछाप | क | ८७४.८० | ८७,४८० |
| ४३ | राजन कुमार श्रेष्ठ | डांडीगुरासे-१, सिन्धुली | क | १७४७.२० | १७४,७२० |
| ४४ | राजेन्द्र कुमार मैनाली | इश्वरपुर-४, सर्लाही | क | २१८५.२० | २१८,५२० |
| ४५ | रामकृष्ण प्रधान | का.म.न.पा.-२४, काठमाण्डौं | क | ८७४.८० | ८७,४८० |
| ४६ | रमेश बहादुर श्रेष्ठ | का.म.न.पा.-२८, काठमाण्डौं | क | १७४७.२० | १७४,७२० |
| ४७ | रमेश सिंह खड्का | विदुर- २, नुवाकोट | क | १३१०.४० | १३१,०४० |
| ४८ | रञ्जना कुमारी चापागाईं | विराटनगर - ४, मोरङ्ग | क | ८७४.८० | ८७,४८० |
| ४९ | रश्मिला भोछिभोया (प्रजापति) | बनेपा- ४, काभ्रे | क | ४३७१.६० | ४३७,१६० |
| ५० | रुद्र प्रसाद उपाध्याय | पैयुँपाटा- ७, बाग्लुङ | क | ८७४.८० | ८७,४८० |
| ५१ | संगिता शर्मा | चैनपुर-८, संखुवासभा | क | ८७४.८० | ८७,४८० |
| ५२ | संगिता सुवेदी (दहाल) | दलगाँउ- १, भोजपुर | क | ८७४.८० | ८७,४८० |
| ५३ | शारदा प्रसाद कट्टेल | रानिश्वारा- ५, गोरखा | क | १७४७.२० | १७४,७२० |
| ५४ | शशि चित्रकार | का.म.न.पा., काठमाण्डौं | क | ८७४.८० | ८७,४८० |
| ५५ | शशी प्रसाद जोशी | का.म.न.पा- ३३, काठमाण्डौं | क | ८७४.८० | ८७,४८० |
| ५६ | स्कन्द श्रेष्ठ | ओखलढुङ्गा- ६, ओखलढुङ्गा | क | ४३७१.६० | ४३७,१६० |
| ५७ | सुदामा प्रसाद नेपाल | धर्मपुर-७, सप्तरी | क | १७४७.२० | १७४,७२० |
| ५८ | सुधा कुमारी श्रेष्ठ जोशी | रामेछाप-४, रामेछाप | क | १७४७.२० | १७४,७२० |
| ५९ | टंक प्रसाद भट्ट | चक्रतिर्थ - ७, लमजुङ | क | ८७४.८० | ८७,४८० |
| ६० | तारा कुमारी सुवेदी | दलगाँउ, भोजपुर | क | ८७४.८० | ८७,४८० |
| ६१ | तोयनाथ पाण्डेय | अस्लेवा- ५, गुल्मी | क | ८७४.८० | ८७,४८० |
| ६२ | वेदव्यास सिंह | ललितपुर.म.न.पा २, ललितपुर | क | ८७४.८० | ८७,४८० |
| ६३ | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | | ख | ११७६०० | १,१७,६०,००० |
| **जम्मा** | | | | २,४०,०००.०० | २,४०,००,०००.०० |

**ज. निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

लघुवित्त वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७५/०४/०७ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले यस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन् । सो शेयरधनीहरुको लागि निजहरुको नाममा कायम रहेको शेयरको १ : २.५ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ २.५ कित्ताको दरले) हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले भुक्तानी माग गर्ने गरी रु. ६,००,००,०००/- शेयर पूँजी बराबर प्रति शेयर रु. १००/- अंकित दरका कुल ६,००,००० कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गरिएको छ।

**झ. धितोपत्र (हकप्रद शेयर) निष्काशन गर्ने सम्बन्धमा साधारणसभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

लघुवित्त वित्तीय संस्थाको मिति २०७४/०९/२७ मा बसेको नवौं वार्षिक साधारणसभाबाट पारित निर्णय अनुसार १ : २.५ को अनुपातमा ( विद्यमान १ कित्ता शेयर बराबर नयाँ २.५ कित्ताको दरले) ६,००,००० कित्ता हकप्रद शेयर निष्काशन गर्ने सर्वसम्मतिबाट निर्णय गरिएको छ ।

ञ(१). सञ्चालकहरुको परिचयः

लघुवित्त वित्तीय संस्थाको संचालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु संचालक रहनु भएको छ।

| क्र.सं. | संचालक्हरुको नाम | पद | ठेगाना | शेयर संख्या | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|---|
| १. | श्री पुरुषोत्तम श्रेष्ठ (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | अध्यक्ष | भिमफेदी -८, मकवानपुर | ४,३७१.६० | विद्यावारिधी, साना किसान विकास बैंकमा महाप्रबन्धक पदसम्म रही करिव २ वर्ष कार्य गरेको, कृषि विकास बैंकमा का.मु. उप महाप्रवधकको पदसम्म रही ३० वर्ष कार्य गरेको अनुभव। |
| २. | श्री नारायण भट्टराई (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | संचालक | का.म.न.पा. -१०, काठमाण्डौं | ८७४.८० | स्नातक, कृषि विकास बैंकमा विभागीय प्रमुख सम्म भई ३० वर्ष कार्य गरेको अनुभव। |
| ३. | श्री तोयनाथ पाण्डेय (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | संचालक | अस्लेवा -५, गुल्मी | ८७४.८० | एम.एस.सी/एम.ए, कृषि विकास बैंकमा शाखा प्रमुखसम्म भई ३० वर्ष कार्य गरेको अनुभव। |
| ४. | श्री शालिग्राम पौड्याल (सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | संचालक | धापासी -८, काठमाण्डौं | २३०.४० | स्नातक, निजी ब्यापार व्यवसायमा १२ वर्षदेखि संलग्न। विगत ४ वर्षदेखि नयाँ नेपाल लघुवित्त वित्तीय संस्थाको सञ्चालक पदमा रही कार्य गरेको अनुभव। |
| ५. | श्री सरोज घिमिरे (सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | कार्यकारी संचालक | श्री मञ्जाङ्ग -८, लम्जुङ्ग | १२० | पोष्ट ग्राजुएट, विगत ४ वर्षदेखि नयाँ नेपाल लघुवित्त वित्तीय संस्थामा संचालक तथा २ वर्षदेखि कार्यकारी सञ्चालक भई कार्य गरिरहेको अनुभव। |

मिति २०७४/०९/२७ मा सम्पन्न भएको नवौं वार्षिक साधारणसभाबाट पारित भए बमोजिम कम्पनीको सञ्चालक समितिमा संस्थापक समूहबाट ३ जना र सर्वसाधारण समूहबाट ३ जना तथा स्वतन्त्र सञ्चालक १ जनागरी ७ जनाको सञ्चालक समिति गठन हुने व्यवस्था नियमावलीमा भएकोमा हाल सर्वसाधारण समूहबाट १ जना सञ्चालक र स्वतन्त्र सञ्चालक १ जनाको पद रिक्त रहेको छ। आगामी वार्षिक साधारण सभाबाट सञ्चालकको निर्वाचन भए पश्चात सर्वसाधारण समूहबाट ३ जनाको प्रतिनिधित्व हुनेछ।

ञ(२).कार्यकारी प्रमुखको विवरण

लघुवित्त वित्तीय संस्थाको कार्यकारी सञ्चालकको रुपमा श्री सरोज घिमिरे कार्यरत रहनु भएको छ। लम्जुङ्ग जिल्ला, श्री मञ्जाङ्ग गाउँपालिका वडा नं. ८ मा स्थायी बसोबास गर्नुभएका श्री घिमिरेले लण्डन कलेज अफ ईञ्जिनियरिङ्ग एण्ड म्यानेजमेण्टबाट व्यवस्थापनमा पोष्ट ग्राजुएटको शैक्षिक योग्यता हासिल गर्नुभएको छ। उहाँ विगत ४ वर्षदेखि नयाँ नेपाल लघुवित्त वित्तीय संस्थामा सञ्चालक पदमा तथा विगत २ वर्षदेखि कार्यकारी सञ्चालकको रुपमा कार्यरत रहनु भएको छ।

ट. सञ्चालक समितिको बनौट :

लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुको समूहबाट मनोनित वा निर्वाचित | ३ (तीन) जना |
| सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित | ३ (तीन) जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक | १ (एक) जना |

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

ठ. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत् निष्काशन तथा बिक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७५/०४/०७ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : २.५ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ २.५ कित्ता शेयरको दरले) प्रति शेयर रु. १००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन्। कुनै शेयरधनीले चाहेमा आफुले लिन पाउने हकप्रद शेयर भन्दा कम शेयरकालागि पनि आवेदन दिन पाउनेछन्।

**ड. साविकका शेयरधनीले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**
शेयरधनीहरुले आफूले प्राप्त गर्ने हकप्रद शेयरको लागि आवेदन नबुभ्काई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि आवेदन बुभ्काई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहेका शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको निर्णयबाट अत्यन्त पारदर्शी तवरले जस्तै : लिलाम बढाबढको माध्यमबाट बिक्री वितरण गरिनेछ।

**ढ. हकप्रद शेयर भए सो के अनुपात भन्दा बढी शेयर खरीद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**
शेयरधनीहरुले आफ्नो हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरीद गर्न पाउने छैन तर आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन।

**ण. संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**
लघुवित्त वित्तीय संस्थाको विगत तीन आर्थिक वर्षको वास्तविक, २०७४ चैत्र मसान्तको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण र आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु.हजारमा) | | | *आ.व. २०७४/७५ चैत्र मसान्त | प्रक्षेपित (रु.हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | २०७१/०७२ | २०७२/०७३ | २०७३/७४ | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| शेयर पूँजी | २०,००० | २०,००० | २४,००० | २४,००० | ८४,००० | ८४,००० | ८४,००० |
| जगेडा तथा कोषहरु | २,९३० | १२,५४१ | १५,०६२ | १५,२९८ | ३,२३५ | ६,३९२ | १७,०३२ |
| ऋणपत्र तथा बण्ड | – | – | – | – | – | – | – |
| तिर्न बाँकी कर्जा सापट | ९५,४२२ | ८८,३२४ | १३१,८०७ | २११,८८५ | २३०,६६३ | ३२२,९२८ | ४२९,४९४ |
| निक्षेप दायित्व | ४४,०९८ | ४७,९२२ | ५२,३२९ | ६७,६३७ | ८९,९६९ | १५२,९४७ | २६०,०१० |
| प्रस्तावित नगद लाभांश | – | – | २११ | – | – | – | – |
| आयकर दायित्व | २,१०६ | ३,९८८ | ३,६९३ | ११६ | २,९८७ | ४,९५३ | ८,१६० |
| अन्य दायित्व | ३,९०० | ५,०२७ | ६,३१८ | २३,२५४ | २०,२१० | २२,५३३ | २५,१६१ |
| **कूल दायित्व** | **१६८,४५६** | **१७७,८०२** | **२३३,४२०** | **३४२,१९०** | **४३१,०६४** | **५९३,७५३** | **८२३,८५७** |
| **सम्पत्ति** | **वास्तविक (रु.हजारमा)** | | | ***आ.व. २०७४/७५ चैत्र मसान्त** | **प्रक्षेपित (रु.हजारमा)**** | | |
| | २०७१/०७२ | २०७२/०७३ | २०७३/७४ | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| नगद मौज्दात | १,०८९ | ५०० | ८०१ | ५,९६९ | १०० | १५० | १५० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – | – | – | | – | – | – |
| बैंक / वित्तीय संस्थामा रहेको मौज्दात | २,६८९ | २,९३७ | ३,४६२ | | ४,६०० | ५,८५० | ८,८५० |
| माग तथा अल्प सूचनामा प्राप्त हुन रकम | ३३,८३३ | ४१,३१४ | ४०,७६८ | १६,४४३ | ३६,१५९ | ५३,२३४ | ८१,५१९ |
| लगानी | १०,०१० | १० | १० | १० | १० | १० | १० |
| कर्जा सापट तथा बिल खरिद | ११५,३७२ | १२६,०७० | १७९,८८१ | ३०४,२६७ | ३७२,३३३ | ५१०,०९६ | ६९८,८३१ |
| स्थिर सम्पत्ति | १,७४० | १,८७९ | ३,०५६ | ५,२१३ | ५,२५७ | ५,५०५ | ६,१३७ |
| गैर बैंकिङ्ग सम्पत्ति | – | – | – | – | – | – | – |
| अन्य सम्पत्ति | ३,७२४ | ५,०९२ | ५,४४२ | १०,२८८ | १२,६०५ | १८,९०८ | २८,३६० |
| **कूल सम्पत्ति** | **१६८,४५६** | **१७७,८०२** | **२३३,४२०** | **३४२,१९०** | **४३१,०६४** | **५९३,७५३** | **८२३,८५७** |

**नाफा–नोक्सान हिसाब**

| विवरण | वास्तविक (रु.हजारमा) | | | चैत्र मसान्त २०७४/७५* | प्रक्षेपित (रु.हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | २०७१/०७२ | २०७२/०७३ | २०७३/७४ | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| ब्याज आम्दानी | २०,४९० | २५,७९८ | ३०,१५२ | ३०,०३७ | ५३,४०० | ८०,१०० | १२०,१५० |
| ब्याज खर्च | ६,७१३ | ७,०६२ | ९,४१८ | १७,३४६ | १५,३६८ | २५,२१२ | ४१,४९० |
| **खुद ब्याज आम्दानी** | **१३,७७७** | **१८,७३६** | **२०,७३४** | **१२,६९१** | **३८,०३२** | **५४,८८८** | **७८,६६०** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कमिशन तथा डिस्काउण्ट | – | – | – | – | – | – | – |
| कमिशन तथा अन्य सञ्चालन आम्दानी | २,८६१ | २,८५४ | ४,१४५ | ४,७०८ | ७,८७४ | ११,८११ | १७,७१७ |
| सटही घटबढ आम्दानी | – | – | – | – | – | – | – |
| **कुल सञ्चालन आम्दानी** | **१६,६३८** | **२१,५९०** | **२४,८७९** | **१७,३९९** | **४५,९०६** | **६६,६९९** | **९६,३७७** |
| कर्मचारी खर्च | ४,९७५ | ६,३२७ | १०,४९० | १०,३६१ | १८,७०८ | २८,०६२ | ३६,४८१ |
| अन्य सञ्चालन खर्च ⁄पूर्व संचालन खर्च | ३,५०६ | ३,८२८ | ५,४०६ | ५,५०६ | १३,२२५ | १७,७५१ | २६,२४१ |
| सटही घटबढ नोक्सान | – | – | – | – | – | – | – |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **८,१५८** | **११,४३४** | **८,९८३** | **१,५३२** | **१३,९७३** | **२०,८८६** | **३३,६५५** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | ४,८१७ | ६,३१७ | ३,५०२ | २,१०१ | ४,००७ | २,७२६ | ३,७३४ |
| **सञ्चालन मुनाफा** | **३,३४०** | **५,११७** | **५,४८२** | **(५६९)** | **९,९६६** | **१८,१६०** | **२९,९२१** |
| गैर सञ्चालन आम्दानी ⁄खर्च | – | – | – | – | – | – | – |
| सम्भावित नोक्सानी व्यवस्थावाट फिर्ता | ३३७ | ९,९३९ | ७,८०१ | ९५६ | – | – | – |
| **नियमित कारोवारहरुवाट भएको मुनाफा** | **३,६७७** | **१५,०५६** | **१३,२८३** | **३८७** | **९,९६६** | **१८,१६०** | **२९,९२१** |
| असामान्य कारोवारवारवाट भएको आम्दानी ⁄खर्च | – | – | १,८२१ | – | – | – | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **३,६७७** | **१५,०५६** | **११,४६२** | **३८७** | **९,९६६** | **१८,१६०** | **२९,९२१** |
| कर्मचारी बोनस व्यवस्था | ३३४ | १,३६९ | १,०४२ | ३५ | ९०६ | १,६५१ | २,७२० |
| कर्मचारी बोनस पछिको खुद मुनाफा | – | – | – | – | ९,०६० | १६,५०९ | २७,२०१ |
| **आयकर व्यवस्था** | **१,९७७** | **४,०७६** | **३,६८९** | **११६** | **(२,९८७)** | **(४,९५२)** | **(८,१६०)** |
| यस वर्षको कर व्यवस्था | २,१०६ | ३,९८८ | ३,६९३ | – | (२,९८७) | (४,९५२) | (८,१६० ) |
| विगत वर्षसम्मको कर व्यवस्था | – | – | – | – | – | – | – |
| यस वर्षको स्थगन कर आम्दानी ⁄खर्च | (१२९) | ८८ | (४) | – | – | – | – |
| **खुद नाफा ⁄(नोक्सान)** | **१,३६५** | **९,६१२** | **६,७३१** | **२३६** | **६,०७३** | **११,५५७** | **१९,०४१** |

## नाफा-नोक्सान बाँडफाँड हिसाब

| विवरण | वास्तविक (रु.हजारमा) | | | प्रक्षेपित (रु.हजारमा)** | | |
|---|---|---|---|---|---|---|
| | २०७१ ⁄०७२ | २०७२ ⁄०७३ | २०७३⁄७४ | २०७४⁄७५ | २०७५⁄७६ | २०७६⁄७७ |
| **आम्दानीः** | | | | | | |
| गत वर्षसम्मको संचित मुनाफा | १४१ | १,१०४ | ८,६९८ | ९,६८४ | ६,१४३ | ६,९८८ |
| यस वर्षको खुद मुनाफा | १,३६५ | ९,६१२ | ६,७३१ | ६,०७३ | ११,५५६ | १९,०४१ |
| सटही घटवढ कोष | – | – | – | – | | |
| स्थगन कर | – | – | – | – | | |
| पूँजीगत जगेडा | – | – | – | – | | |
| **जम्मा** | **१,५०७** | **१०,७१६** | **१५,४२९** | **१५,७५७** | **१७,६९९** | **२६,०२९** |
| **खर्चः** | – | | | | | |
| गत वर्षसम्मको संचित नोक्सान | – | – | – | – | – | – |
| यस वर्षको नोक्सान | – | – | – | – | – | – |
| साधारण जगेडा कोष | (२७३) | (१,९२२) | (१,३४६) | (१,२१४) | (२,३११) | (३,८०८) |
| भैपरी आउने जगेडा | – | – | – | – | – | – |
| संस्था विकास कोष | – | – | – | – | – | – |
| लाभांश समिकरण कोष | – | – | – | – | – | – |
| कर्मचारी सम्बन्धी जगेडाहरु | – | – | – | – | – | – |
| प्रस्तावित लाभांश | – | – | (२११) | – | – | – |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रस्तावित बोनस शेयर जारी | – | – | (४,०००) | (८,४००) | (८,४००) | (८,४००) |
| विशेष जगेडा कोष | – | – | – | – | – | – |
| सटही घटवढ कोष | – | – | – | – | – | – |
| पूँजी फिर्ता जगेडा कोष | – | – | – | – | – | – |
| पूँजी समायोजना कोष | – | – | – | – | – | – |
| स्थगन कर जगेडा | (१२९) | | | | | |
| लगानी समायोजना कोष | – | – | – | – | – | – |
| ग्राहक संरक्षण कोष | – | (९६) | (१२०) | | | |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | | | (६७) | | | |
| **जम्मा** | (४०२) | (२,०१८) | (५,७४४) | (९,६१४) | (१०,७११) | (१२,२०८) |
| **संचित मुनाफा/(नोक्सान)** | १,१०४ | ८,६९८ | ९,६८५ | ६,१४३ | ६,९८८ | १३,८२१ |

**निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल( Minimum return on increased networth required to maintain pre issue EPS) =** २३.७८%

लघुवित्त वित्तीय संस्थाको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ।

| **विवरण** | वास्तविक (रु.हजारमा) | | | *आ.व. २०७४/७५ चैत्र मसान्त | प्रक्षेपित (रु.हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | ०७१/०७२ | ०७२/०७३ | ०७३/७४ | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| चुक्ता पूँजी | २०,००० | २०,००० | २४,००० | २४,००० | ८४,००० | ८४,००० | ८४,००० |
| जगेडा तथा कोषहरु | २,९३० | १२,५४१ | १५,०६२ | १५,२९८ | ३,२३५ | ६,३९२ | १७,०३२ |
| **जम्मा** | **२२,९३०** | **३२,५४१** | **३९,०६२** | **३९,२९८** | **८७,२३५** | **९०,३९२** | **१०१,०३२** |
| अपलेखन हुन बाँकी खर्च | - | - | - | - | - | - | - |
| **कुल नेटवोर्थ** | २२,९३० | ३२,५४१ | ३९,०६२ | ३९,२९८ | ८७,२३५ | ९०,३९२ | १०१,०३२ |
| **शेयर संख्या (हजारमा)** | २०० | २०० | २४० | २४० | ८४० | ८४० | ८४० |
| **प्रति शेयर नेटवोर्थ (रु.)** | ११४.६५ | १६२.७१ | १६२.७६ | १६३.७५ | १०३.८५ | १०७.६१ | १२०.२८ |
| **प्रति शेयर आम्दानी (रु.)** | ६.८३ | ४८.०६ | २८.०५ | ०.९८ | ७.२३ | १३.७६ | २२.६७ |
| **प्रति शेयर चुक्ता पूँजी (रु.)** | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| **नेटवोर्थमा प्रतिफल (%)** | ५.९६ | २९.५४ | १७.२३ | ०.६० | ६.९६ | १२.७९ | १८.८५ |

* व्यवस्थापनद्वारा प्रमाणित आ.व. २०७४/७५ को तेश्रो त्रैमासिकको अपरिष्कृत वित्तीय विवरण अनुसार ।

** प्रक्षेपित वित्तीय विवरण लघुवित्त वित्तीय संस्था स्वयंले तयार गरेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठीक छ भनी पिएसएच एण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेण्ट श्री पुष्कर पन्थीले प्रमाणित गर्नुभएको हो र यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको यस लघुवित्त वित्तीय संस्थाको उद्घोषणा रहेको छ ।

**प्रक्षेपित नाफा नोक्सान हिसाब र वासलात तयार गर्दाको आधारहरु :**

| **विवरण** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| | **आ.व. २०७४/०७५** | **आ.व. २०७५/०७६** | **आ.व. २०७६/०७७** |
| कुल निक्षेपमा परिवर्तन ( प्रतिशतमा) | ७१.९३ | ७० | ७० |
| कुल कर्जा तथा सापटमा परिवर्तन ( प्रतिशतमा) | १०६.९९ | ३७ | ३७ |
| कुल कर्जा तथा निक्षेप पूँजी कोष अनुपात ( प्रतिशतमा) | ९१.५२ | ९०.५२ | ८९.२० |
| कुल आयमा परिवर्तन | ४५ | ५० | ५० |
| कुल खर्चमा परिवर्तन | ६७ | ४४ | ४६ |
| निक्षेपको औषत ब्याज दर | ५ | ५ | ५ |
| कर्जा तथा सापटको औषत ब्याज दर | १३.६७ | १४.९६ | १६.३८ |
| आय कर व्यवस्था | ३० | ३० | ३० |
| अन्य संचालन खर्चमा बृद्धिदर | १४४ | ३४ | ४८ |

| | | | |
|---|---|---|---|
| कर्मचारी खर्चमा बृद्धिदर | ७८ | ६७ | ७७ |
| Provision on Total Gross Loan (%) | १.९४ | १.९४ | १.९४ |
| Cash Reserve Ratio | १.४७ | १.२६ | १.३१ |
| SLR | ५.११ | ३.८२ | ३.४० |
| CAR | २३.०६ | १७.५१ | १४.१४ |

**तिर्न बांकि कर्जा सापटी**

१. प्रक्षेपित आ.व. २०७४/७५ मा तिर्न बांकि कर्जा सापटी विगत वर्षको ७५ प्रतिशतले बृदि हुने अनुमान गरिएको छ। जुन ऋणीको संख्या तथा कर्जा सापटीको बृद्धिको कारण हो।

२. प्रक्षेपित आ.व. २०७४/७५ मा ५ वटा शाखा विस्तार गर्ने अनुमान गरिएको छ। शाखा विस्तारका कारण ग्राहक संख्यामा बृद्धि हुने र सो कारण ऋणी र कर्जा रकममा बृद्धि हुने अनुमान गरिएको छ। साथै शाखा विस्तारका कारण संचालन खर्चमा बृद्धि हुनेछ। तसर्थ, आ .व. २०७५/७६ मा तिर्न बांकि कर्जा सापटी ४० प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ।

३. आ.व. २०७६/७७ मा तिर्न बाकि कर्जा सापटी अगाडिको वर्षको तुलनामा ३३ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ।

**निक्षेप**

१. ग्राहक सदस्यबाट प्राप्त हुने निक्षेपमा आ.व. २०७२/७३ मा ९ प्रतिशत को बृद्धि रहेको छ। तसर्थ आ.व. २०७४/७५ , आ.व. २०७५/७६, , आ.व. २०७६/७७ , मा निक्षेप दायित्व क्रमश : ७१.९३ , ७० र ७० प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ।

**लगानी**

१. लगानीमा कुनै पनि परिवर्तन नभएको।

कर्जा सापटमा ग्राहकलाई जारी गरिने बिभिन्न कर्जा तथा सापट समावेश गरिएको छ। शाखा विस्तार र सो कारणले ग्राहक सदस्यहरुमा बृद्धि हुने भएकोले आ.व. २०७४/७५ , आ.व. २०७५/७६ , आ.व. २०७६/७७ मा कर्जा सापट क्रमश : १०६.९९ , ३७ र ३७ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ।

**आयकर**

आय कर ऐन २०५८ अनुसार आयकर व्यवस्था ३० प्रतिशत प्रक्षेपण गरिएको।

**त.(१) संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा-नोक्सान हिसाबको विवरण :**

**वासलात (आषाढ मसान्त, २०७४)**

| पूँजी तथा दायित्व | रु.हजारमा |
|---|---|
| शेयर पूँजी | २४,००० |
| जगेडा तथा कोषहरु | १५,०६२ |
| ऋणपत्र तथा वन्ड | – |
| तिर्न बाँकी कर्जा सापटी | १३१,८०७ |
| निक्षेप दायित्व | ५२,३२९ |
| प्रस्तावित नगद लाभांश | २१० |
| आयकर दायित्व | ३,६९३ |
| अन्य दायित्व | ६,३१९ |
| **कुल पूँजी र दायित्व** | **२३३,४२०** |
| **सम्पत्ति** | **रु.हजारमा** |
| नगद मौज्दात | ८०१ |
| नेपाल राष्ट्र बैंकमा रहको मौज्दात | – |
| बैंक वित्तीय संस्थामा रहेको मौज्दात | ३,४६२ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४०,७६८ |
| लगानी | १० |
| कर्जा, सापट | १७९,८८१ |
| स्थिर सम्पति | ३,०५६ |
| गैर बैंकिङ्ग सम्पति | – |

| | |
|---|---|
| अन्य सम्पति | ५,४४२ |
| **कुल सम्पत्ति** | **२३३,४२०** |

**नाफा-नोक्सान हिसाब (श्रावण १, २०७३ देखि आषाढ मसान्त, २०७४ सम्म)**

| विवरण | रु.हजारमा |
|---|---|
| व्याज आम्दानी | ३०,१५२ |
| व्याज खर्च | ९,४१८ |
| **खुद व्याज आम्दानी** | **२०,७३४** |
| कमिशन तथा डिस्काउण्ट | - |
| कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४,१४५ |
| सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **२४,८७९** |
| कर्मचारी खर्च | १०,४९० |
| अन्य संचालन खर्च | ५,४०६ |
| सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको संचालन मुनाफा** | **८,९८३** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | ३,५०१ |
| **संचालन मुनाफा** | **५,४८२** |
| गैर संचालन आम्दानी/खर्च | - |
| सम्भावित नोक्सानी व्यवस्थावाट फिर्ता | ७,८०१ |
| **नियमित कारोवारहरुवाट भएको मुनाफा** | **१३,२८३** |
| असामान्य कारोवारवारवाट भएको मुनाफा/खर्च | १,८२१ |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **११,४६२** |
| कर्मचारी बोनस व्यवस्था | १,०४२ |
| **आयकर व्यवस्था** | **३,६८९** |
| यस वर्षको कर व्यवस्था | ३,६९३ |
| विगत वर्षको कर व्यवस्था | - |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | (४) |
| **खुद नाफा/(नोक्सान)** | **६,७३१** |

**नाफा-नोक्सान बाँडफाँड हिसाब (श्रावण १, २०७३ देखि आषाढ मसान्त, २०७४ सम्म)**

| विवरण | रु.हजारमा |
|---|---|
| **आम्दानीः** | |
| गत वर्षसम्मको संचित मुनाफा | ८,६९८ |
| यस वर्षको मुनाफा | ६,७३१ |
| सटही घटवढ कोष | - |
| **जम्मा** | **१५,४२९** |
| **खर्चः** | |
| गत वर्षसम्मको संचित नोक्सान | - |
| यस वर्षको नोक्सान | - |
| साधारण जगेडा कोष | १,३४६ |
| भैपरी आउने जगेडा | - |
| संस्था विकास कोष | - |

| | |
|---|---|
| लाभांश समिकरण कोष | – |
| कर्मचारी सम्बन्धी जगेडाहरु | – |
| प्रस्तावित नगद लाभांश | २११ |
| प्रस्तावित बोनस शेयर जारी | ४,००० |
| विशेष जगेडा कोष | – |
| सटही घटवढ कोष | – |
| पूँजी फिर्ता जगेडा कोष | – |
| पूँजी समायोजन कोष | – |
| लगानी समायोजन कोष | – |
| स्थगन कर कोष | – |
| ग्राहक संरक्षण कोष | १२० |
| संस्थागत समाजिक उत्तरदायित्व कोष | ६७ |
| **जम्मा** | **५,७४४** |
| संचित मुनाफा/(नोक्सान) | **९,६८५** |

**त(२). आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :**

लघुवित्त वित्तीय संस्थाको आ.व. २०७४/७५ को चैत्र मसान्तको व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण तल उल्लेख गरिएको।

## वासलात

| पूँजी तथा दायित्व | *आ.व. २०७४/७५ चैत्र मसान्त |
|---|---|
| शेयर पूँजी | २४,००० |
| जगेडा तथा कोषहरु | १५,२९८ |
| ऋणपत्र तथा बण्ड | - |
| तिर्न बाँकी कर्जा सापट | २११,८८५ |
| निक्षेप दायित्व | ६७,६३७ |
| प्रस्तावित नगद लाभांश | - |
| आयकर दायित्व | ११६ |
| अन्य दायित्व | २३,२५४ |
| **कूल दायित्व** | **३४२,१९०** |
| **सम्पत्ति** | ***आ.व. २०७४/७५ चैत्र मसान्त** |
| नगद मौज्दात | ५,९६९ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | |
| बैंक / वित्तीय संस्थामा रहेको मौज्दात | |
| माग तथा अल्प सूचनामा प्राप्त हुन रकम | १६,४४३ |
| लगानी | १० |
| कर्जा सापट तथा बिल खरिद | ३०४,२६७ |
| स्थिर सम्पत्ति | ५,२१३ |
| गैर बैंकिङ्ग सम्पत्ति | - |
| अन्य सम्पत्ति | १०,२८८ |
| **कूल सम्पत्ति** | **३४२,१९०** |

## नाफा-नोक्सान हिसाब

| विवरण | चैत्र मसान्त २०७४/७५* |
|---|---|
| ब्याज आम्दानी | ३०,०३७ |
| ब्याज खर्च | १७,३४६ |
| **खुद ब्याज आम्दानी** | **१२,६९१** |
| कमिशन तथा डिस्काउण्ट | - |
| कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४,७०८ |
| सटही घटबढ आम्दानी | - |
| **कुल सञ्चालन आम्दानी** | **१७,३९९** |
| कर्मचारी खर्च | १०,३६१ |
| अन्य सञ्चालन खर्च /पूर्व संचालन खर्च | ५,५०६ |
| सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **१,५३२** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | २,१०१ |
| **सञ्चालन मुनाफा** | **-५६९** |
| गैर सञ्चालन आम्दानी/खर्च | - |
| सम्भावित नोक्सानी व्यवस्थावाट फिर्ता | ९५६ |
| **नियमित कारोवारहरुवाट भएको मुनाफा** | **३८७** |
| असामान्य कारोवारवारवाट भएको आम्दानी/खर्च | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **३८७** |
| कर्मचारी बोनस व्यवस्था | ३५ |
| कर्मचारी बोनस पछिको खुद मुनाफा | - |
| **आयकर व्यवस्था** | **११६** |
| यस वर्षको कर व्यवस्था | - |
| विगत वर्षसम्मको कर व्यवस्था | - |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | - |
| **खुद नाफा/(नोक्सान)** | **२३६** |

**त (३). धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गर्नुपर्नेछ र त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवम् संशोधन गरी र सो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गरिनेछ।

**थ.संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :**

(क) लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब हुन गएमा स्वभाविक रुपमा हुनसक्ने जोखिमहरु।
(ख) नयाँ लघुवित्त संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु।
(ग) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु।
(घ) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु।
(ङ) पुँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।
(च) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।

(छ) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।

लघुवित्त वित्तीय संस्थाको कर्जा तथा सापट र लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी-नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरुको व्यवस्था गरेको छ। लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ। यस बाहेकका व्यवसायिक जोखिमहरुबाट श्रृजना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

निष्काशन गरिएको शेयर मूल्य रु. १००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

**द. धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २१ ले गरेको व्यवस्था बमोजिम लघुवित्त वित्तीय संस्थाले आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिनभित्र बाँडफाँड गरी सम्बन्धित शेयरधनीहरुलाई बाँडफाँड पत्र र फिर्ता भुक्तानी दिने व्यवस्था गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ। यसरी बाँडफाँड भए पश्चात नेपाल स्टक एक्सेन्ज लिमिटेडमा सुचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हकप्रद शेयरको कित्ता निजहरुको हितग्राही खातामा सोझै जम्मा गरिनेछ।

**ध. संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिने छ।

**(क)** लघुवित्त वित्तीय संस्थाको रजिर्ष्टड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल नगरपालिका वडा नं ३ बाट।

**(ख)** धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं स्थित कार्यालयबाट।

**न. निष्काशन हुने धितोपत्र प्रत्याभुति गरेको भए सो को विवरण :**

निष्काशन गरिने शेयर हकप्रद शेयर भएकाले धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम यस निष्काशनमा निष्काशन गरिने शेयरको प्रत्याभुति गरिएको छैन।

**प. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

लघुवित्त वित्तीय संस्थाले आफ्ना शेयरधनीहरुमा हकप्रद शेयर खरीद आव्हान गरेको आधारमा हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र हकप्रद शेयरको बाँडफाँड पश्चात् बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई शेयरधनीहरुको माग अनुसार हकप्रद शेयरको प्रमाण-पत्र वितरण गरी वा हितग्राही खाता भएका शेयरधनीहरुलाई निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गराई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी हकप्रद शेयरको खरीद बिक्रीको व्यवस्था मिलाइने छ।

**फ. संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

सो नभएको।

**ब. धितोपत्र शेयर खरीद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

(१) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरीदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७५/०४/०७ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : २.५ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ २.५ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्। आफ्नो शेयर अभौतिक रुपमा धारण गरेका शेयरधनीले सि-आस्बा मार्फत आफ्नो खाता रहेको बैंकबाट वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उपलब्ध गराएको "मेरो शेयर" मार्फत पनि अभौतिक शेयर धारण गरेका शेयरधनीले आवेदन दिन सक्नेछन्। यसरी सि-आस्वा तथा मेरो शेयर मार्फत आवेदन दिने प्रक्रिया "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ मा भएको व्यवस्था बमोजिम हुनेछ।

(२) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा लघुवित्त वित्तीय संस्थाद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर/हितग्राही परिचय नं., हाल कायम रहेको शेयर संख्या, आफूले खरीद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।

(३) आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क) आवेदकको पुरा नाम (नेपाली तथा अंग्रेजी दुवै),
ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,
ग) आवेदक विवाहित भएमा श्रीमान वा श्रीमतीको नाम,
घ) आवेदकको स्थायी ठेगाना,
ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर,
च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना, तथा खाता नम्बर,
छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर,
ज) आवेदकले लिन चाहेको शेयर संख्या तथा सो वापत जम्मा गरेको रकम
झ) आवेदकको हस्ताक्षर (नावालकको हकमा अभिभावकको हस्ताक्षर)
ञ) आवेदन फाराम रद्द हुन सक्ने कारण सम्बन्धी जानकारी,
ट) लगानीकर्ताको परिचयपत्रको व्यवस्था गरिएकोमा त्यस्तो परिचयपत्र नम्बर,
ठ) आवेदन फाराम बुझाएको संकलन केन्द्रको नाम तथा ठेगाना,
ड) आवेदन फाराम बुझाएको मिति,

(४) दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले आफूले हकप्रद आधारमा माथि ब (१) मा उल्लेख भए अनुसार खरीद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

(५) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७५/०४/०७ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरीद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

(६) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

(७) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो मा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्ने छैन ।

(८) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको संचालक समितिको निर्णय नै अन्तिम हुनेछ।

(९) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक ( डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिनुपर्नेछ।

**भ. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु**

सो नभएको।

**म. संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**

**म.१ लेखापरिक्षक तथा कम्पनी सचिवको नाम :**

आ.व.२०७३/०७४ को आम्दानी-खर्च हिसाबको लेखापरीक्षण पि एस एच एण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेण्ट श्री पुष्कर पन्थीले गर्नुभएको छ। मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वडा नं ६ निवासी समाजशास्त्रमा स्नातकोत्तरसम्मको शैक्षिक योग्यता हासिल गर्नुभएका श्री दुर्गा प्रसाद न्यौपाने यस लघुवित्त संस्थाको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ।

**म.२ वित्तीय विवरण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाब) प्रक्षेपण गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय संस्थाको आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण तयार पार्ने व्यवसायिक संस्थामा वित्तीय संस्था स्वयं रहेको छ।

**म.३ वित्तीय प्रक्षेपण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाब) को अनुमानको आधार तथा तरिका पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस विवरणमा उल्लेख गरिए बमोजिम वित्तीय संस्था स्वयंले तयार गरेको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको हाल सम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी वित्तीय विवरण ठीक छ भनी सन्तुष्ट भई प्रमाणित गर्ने विशेषज्ञमा पि एस एच एण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेण्ट श्री पुष्कर पन्थी रहनु भएको छ।

**म.४ यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने व्यवसायीक विशेषज्ञ संस्थाको नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार पार्ने व्यवसायिक विशेषज्ञ संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं रहेको छ।

**म.५ यस हकप्रद शेयर निष्काशन गर्ने निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**

यस हकप्रद शेयर निष्काशन कार्यको लागि व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं रहेको छ।

**य(१). हकप्रद शेयर जारी गर्नुको उद्देश्य**

(क) प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पर्ने पुँजी जुटाउन।

(ख) बढ्दो प्रतिस्पर्धाको सामना गर्न लघुवित्त वित्तीय संस्थालाई सक्षम बनाई कारोवार बृद्धि गर्न तथा ग्राहकहरुको लघुवित्त वित्तीय संस्थाप्रतिको विश्वसनियतालाई बृद्धि गर्न।

(ग) लघुवित्त वित्तीय संस्थाको व्यवसाय विस्तारको लागि आवश्यक पूँजीको व्यवस्था गर्न।

**य(२). निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

लघुवित्त वित्तीय संस्थाले हकप्रद शेयरबाट प्राप्त रकम शाखा कार्यालय विस्तारका लागि प्रयोग गर्ने र तल उल्लेख गरे बमोजिम खर्च गर्ने योजना छ :

| क्र.नं. | विवरण | रकम (रु) |
|---|---|---|
| १ | शाखा विस्तार | ४०,००,०००/- |
| २ | स्थिर सम्पत्ति | ४,८५,००,०००/- |
| ३. | कर्जा लगानी | ७५,००,०००/- |
| **जम्मा** | | **६,००,००,०००/-** |

**र. हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई यस कम्पनीले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ।

**ल(१). हकप्रद शेयर खरीदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

(क) विवरणपत्र फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| क्र.सं | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं। |
| २. | नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, धुलिखेल, काभ्रे |

(ख) दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| क्र.सं | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं। |
| २. | एनएमबि बैंक लिमिटेडका शाखा कार्यालयहरु **उपत्यका भित्र** : कलंकी, तीनकुने, टेकु, बसुन्धारा काठमाडौं; लुभु, ठैब, ललितपुर; सुर्यविनायक, भक्तपुर; **उपत्यका बाहिर :** तीनदोबाटो बनेपा;, मिलनचोक, बुटवल; महेन्द्रपथ धरान; रङ्गेलीरोड, विराटनगर; सुर्खेतरोड, नेपालगञ्ज, विरेन्द्रनगर, सुर्खेत; बसपार्क रोड, धनगढी; न्यूरोड, पोखरा; आर्दशनगर, विरगञ्ज; भानुचोक, जनकपुर; नारायणगढ, चितवन; विर्तामोड, झापा। |
| ३. | देव विकास बैंक लिमिटेड, धुलिखेल, काभ्रेपलाञ्चोक। |

| | |
|---|---|
| ४. | गुडविल फाइनान्स लिमिटेड शाखा कार्यालयहरु: हात्तीसार, डिल्लीबजार, इन्द्रचोक, काठमाडौं; कुमारीपाटी, ललितपुर। |
| ५. | सेन्ट्रल फाइनान्स लिमिटेडका शाखा कार्यालयहरु: कुपण्डोल, ललितपुर र चाबहिल, काठमाडौं। |
| ६. | सि -आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु। |

साथै, शेयरधनीले आफुले ग्रहण गरेको शेयरको संख्या र सो को अनुपातमा आवेदन गर्न पाउने हकप्रद शेयर संख्याका सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाईट www.nmbcl.com.np तथा निष्काशन कम्पनीको वेवसाईट www.nemfin.com.np मा समेत हेर्न सकिनेछ। त्यसैगरी सिडिएससीबाट उपलब्ध गराईएको "मेरो शेयर" को सुविधा उपयोग गर्नुभएका शेयरधनीहरुले "मेरो शेयर" बाट लगईन गरेर पनि हकप्रद शेयरको विवरण थाहा पाउन तथा आवेदन गर्न समेत सकिनेछ।

(ग) उपरोक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंद्वारा अन्य माध्यममार्फत सुचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्थाहरुमा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त गर्न वा हेर्न सक्ने, आवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्न व्यवस्था गरिने छ। उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा एनएमबि क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी **(A/C Payee)** ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा पठाउन सकिने छ। हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन।

(घ) धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्विकृत **"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"** लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई उचित निर्णयमा पुग्न सहज गर्ने उद्धेश्यले निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ। साथै सोको एक प्रति (**Soft Copy**) बोर्डको वेभसाइटमा राख्न समेत उपलब्ध गराइनेछ।

(ङ) हकप्रद शेयर निष्काशनको क्रममा शेयरधनीको संख्या र ठेगानालाई आधारमानी शेयरधनीहरुको पहुँच हुने गरी पर्याप्त मात्रामा संकलन केन्द्र तोकिनेछ। साथै दरखास्त फारामको हकमा आवेदकहरुले एनएमबि क्यापिटल लिमिटेडको वेवसाइट www.nmbcl.com.np र लघुवित्त वित्तीय संस्थाको वेवसाइट www.nemfin.com.np बाट डाउनलोड गरी भरेर तोकिएको सकंलन केन्द्रमा बुझाउन सकिनेछ।

**ल(२). निष्काशन बैंक (Bankers to the Issue) को नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक **(Bankers to the Issue)** को रुपमा एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं र कामना सेवा विकास बैंक लिमिटेड, ज्ञानेश्वर, काठमाडौंलाई तोकिएको छ। नेपाल धितोपत्र बोर्डलाई तीन दिन अगाडि जानकारी गराई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ।

**व. आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

लघुवित्त वित्तीय संस्थाले आफूले गर्ने व्यवसायसँग सम्बन्धित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित नियम, कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको बारेको उद्घोषण लघुवित्त वित्तीय संस्थाको रहेको छ। साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम लघुवित्त वित्तीय संस्थाका संचालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको लघुवित्त वित्तीय संस्थाको उद्घोषण रहेको छ। यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो। यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नुपर्ने आ.व. २०७३/७४ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ.व सम्म यस कम्पनी अद्यावधिक रहेको जानकारी गराउँदछौं।

**क्रेडिट रेटिङ्ग सम्बन्धी**

बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल (ICRA Nepal) ले यस लघुवित्त वित्तीय संस्थाद्वारा जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई इक्रा नेपाल लिमिटेडले कमजोर आधारहरु (Poor Fundamentals) जनाउने "ICRANP IPO GRADE 5" मिति २०७५/०३/०४ गते प्रदान गरेको छ। [ICRANP] IPO GRADE 5 ले कमजोर आधारहरु (Poor Fundamentals) जनाउदँछ। ग्रेड २,३,४ मा प्रयोग गरिने +(plus) चिन्हले त्यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउदँछ।

श(१). पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :

| लघुवित्त वित्तीय संस्थाको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७३/२०७४ | २,६९० | ८२९ | २,३०२ | ९२७ |
| २०७२/२०७३ | २,००७ | ८२६ | १,९६५ | ९८१ |
| २०७१/२०७२ | १,१२७ | ६४० | १,०१० | १,३५७ |
| **लघुवित्त वित्तीय संस्थाको विगत तीन महिनाको शेयर कारोवारको विवरण** | | | | |
| जेष्ठ २०७५ | २,२१० | १,९१० | २,०७९ | ४,४३७ |
| बैशाख २०७५ | २,४८७ | १,८६२ | २,०६९ | ४,५२० |
| चैत्र २०७४ | २,११४ | १,६४० | १,८९५ | ३,९७७ |

**नोट:** लघुवित्त वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने छ।

**ष. यस “हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम, दस्तखत**

| क्र.सं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री डा. पुरुषोत्तम श्रेष्ठ (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | अध्यक्ष | |
| २. | श्री नारायण भट्टराई (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ३. | श्री तोयनाथ पाण्डेय (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ४. | श्री शालिग्राम पौड्याल (सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ५. | श्री सरोज घिमिरे (सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |

**स. निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा “धितोपत्र सम्बन्धी ऐन, २०६३” र “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३”अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं।

अनुसूची–१

**Auditor's Statement for FY 2073/074**